नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल, नेपाल गण हे.क्वा. (विशेष कार्यदल) काठमाण्डौ, नं. १९ गण

# पुराना सवारी साधन लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

पहिलो पटक प्रकाशित मिति २०७५/१०/१७ गते ।

सशस्त्र प्रहरी बल, नेपाल गण हे.क्वा. (विशेष कार्यदल) काठमाण्डौ, नं. १९ गणमा रहेका तपसिल बमोजिमको पुरानो सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न ईच्छुक नेपाली व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूलाई सिलबन्दी बोलपत्रको माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सवारी साधनको बिवरण | न्यूनतम जम्मा मूल्य रु (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बा १ झ ६१६८ टाटामोबाईल | ३०,५००।- | ३००।- | नामसारी नहुने |

बोलपत्र फारम श्री सशस्त्र प्रहरी बल, नेपाल गण हे.क्वा. (विशेष कार्यदल) काठमाण्डौ, नं. १९ गणमा पहिलो पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७५/११/०२ गते) को कार्यालय समय भित्र बोलपत्र फारम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फारम १६ औं दिन (मिति २०७५/११/०३ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल गण हे.क्वा. (विशेष कार्यदल) काठमाण्डौ, नं. १९ गणमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारमहरू सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र फारम दाखिला र खोलिने दिन कारणवस सार्वजनिक बिदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल गण हे.क्वा. (विशेष कार्यदल) काठमाण्डौं, नं. १९ गणको कार्यालय कोड नं. ३०५०३३५१८ को कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौर काठमाण्डौंको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय कलंकी, काठमाण्डौंको धरौटी खाता नं. ११००२०३०००००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको १० (दश) दिनभित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी सवारी साधन उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम राजस्वमा दाखिला गरिने छ । लिलाममा भाग लिन चाहने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र ईच्छुक फर्म, संस्था वा कम्पनिहरूले ईजाजत प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । उल्लेखित सवारी साधन हेर्न वा थप कुराहरू बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०१- ४२८७८३९ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Web Site:- www.apf.gov.np मा समेत राखिएको छ ।